# जैविक तथा विषाक्त हतियार र विकास, उत्पादन र भण्डारण र तिनीहरुको विनाशमा प्रतिबन्ध लगाउने महासन्धि

यस महासन्धिका पक्ष राष्ट्रहरुले,

आम विनाश गर्ने सबै प्रकारका हतियारको प्रतिबन्ध र उन्मूलन समेत समावेश गरी सामान्य र पूर्ण निशस्त्रीकरणमा प्रभावकारी प्रगति हासिल गर्ने उद्देश्यले गरिने कार्य निर्धारण गर्ने गरी र जैविक र विषाक्त हतियारको विकास, उत्पादन र भण्डारणमा प्रतिबन्ध र तिनीहरुको उन्मूलनमा प्रभावकारी उपायहरु द्वारा सख्त र प्रभावकारी नियन्त्रण अन्तर्गत सामान्य र पूर्ण निशस्त्रीकरणमा सहजीकरण गर्नेमा विश्वस्त भई,

जुन १७, १९२५ मा जिनिभामा हस्ताक्षर भएको युद्धमा निसासिने, विषाक्त वा अन्य ग्याँसको प्रयोग, र जीवाणु विधि प्रयुक्त युद्धमा प्रतिबन्ध गराउने प्रोटोकल (इच्छाधिन आलेख) को महत्वपूर्ण अर्थलाई स्वीकार गर्दै, र सो प्रोटोकल (इच्छाधिन आलेख) ले युद्धको त्रासलाई कम गराउन गरेको र निरन्तर गर्दै आएको योगदान प्रति सजग रहँदै,

सो प्रोटोकल (इच्छाधिन आलेख) को सिद्धान्त र उद्देश्यको अडानलाई अझ पुष्टि गर्दै र सबै राष्ट्रहरुलाई सख्त रुपमा तिनको पालना गर्न पुकार्दै,

संयुक्त राष्ट्रसंघको साधारण सभाले जुन १७, १९२५ को जिनिभा प्रोटोकल (इच्छाधिन आलेख) को सिद्धान्त र उद्देश्य विरुद्धका सबै क्रियाकलापहरुलाई बारम्बार निन्दा गरेको संस्मरण गर्दै,

अन्तर्राष्ट्रिय वातावरणमा आम सुधार र व्यक्तिहरु बीचको विश्वासलाई मजबुत बनाउनमा योगदान गर्ने इच्छा गर्दै,

संयुक्त राष्ट्रसंघको बडापत्रको उद्देश्य र सिद्धान्तलाई आत्मसात गर्नमा समेत योगदान गर्ने इच्छा गर्दै,

प्रभावकारी उपायहरु द्वारा, त्यस्ता रासायनिक वा जीवाणू तत्वहरुको प्रयोग गरी आम विनाश गर्ने खतरनाक हतियारबाट राष्ट्रहरु उन्मुक्त हुने कुराको महत्व र आवश्यकतामा विश्वस्त हुँदै,

जीवाणू (जैविक) र विषाक्त हतियार प्रतिबन्ध गराउने सम्झौतालाई रासायनिक हतियारको विकास, उत्पादन र भण्डारणमा प्रतिबन्ध लगाउने प्रभावकारी उपाय सम्बन्धी सम्झौता हासिल गर्न, र सो उद्देश्य प्राप्तिको लागि निरन्तर वार्ता गराउन कटिबद्ध पहिलो सम्भाव्य कदमको रुपमा पहिचान गर्दै,

समस्त मानवजातिको लागि, जीवाणू (जैविक) र विषलाई हतियारको रुपमा प्रयोग गर्ने सम्भावनालाई पूर्ण रुपमा बहिष्कार गर्न कटिबद्ध रहँदै,

त्यस्ता प्रयोगले  मानवजातिको अन्तस्करणमा प्रतिकूल हुने र कुनै पनि प्रयासले त्यस्तो जोखीम न्यूनीकरण गरी बचाउन नसक्नेमा विश्वस्त हुँदै,

देहाय बमोजिम गर्न सहमत भएका छन् :-

धारा १

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले कुनैपनि अवस्थामा विकाश, उत्पादन, भण्डारण वा अन्य तवरबाट प्राप्त गर्ने वा राख्ने कुरालाई कहिल्यै पनि:

सूक्ष्म जीवाणु वा जैविक तत्व, वा विषको, तिनीहरुको मूल वा उत्पादन गर्ने विधि, प्रकार र परिमाण जस्तोसुकै भएतापनि रोग निर्मूल गर्न, संरक्षित वा अन्य शान्तिपूर्ण उद्देश्यको लागि पनि औचित्य हुँदैन,

तत्व वा विष पक्षद्रोहीको लागि वा सशस्त्र युद्धमा प्रयोग हुने गरी तयार गरिएको हतियार, उपकरण वा वितरणका साधन।

धारा २

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले, यथाशिघ्र, तर यो महासन्धि लागू भएको नौ महिना भन्दा पछाडि नहुने गरी, आफ्नो स्वामित्वमा रहेका वा आफ्नो क्षेत्राधिकार

भित्र वा नियन्त्रणमा रहेका यस महासन्धिको धारा १ मा उल्लेख गरिएका सबै तत्व, विष, हतियार, उपकरण र वितरणका साधन नाश गर्नेछन् वा शान्तिपूर्ण उद्देश्यको लागि मोड्ने छन्। यस धाराका व्यवस्थाहरु कार्यान्वयन गर्दा जनसंख्या र वातावरणको संरक्षणको लागि आवश्यक सबै सुरक्षा सतर्कता अपनाउने छन्।

धारा ३

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले यस महासन्धिको धारा १ मा उल्लेख गरिएका कुनै पनि तत्व, विष, हतियार, उपकरण र वितरणका साधनलाई कुनै पनि प्राप्तकर्तालाई हस्तान्तरण नगर्ने र कुनै पनि राष्ट्र, राष्ट्रहरुको समूह वा अन्तर्राष्ट्रिय संगठनलाई निर्माण वा अन्य अवस्थामा प्राप्त गर्न प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग, प्रोत्साहित वा उत्प्रेरित गर्ने छैनन् ।

धारा ४

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले, आफ्नो संवैधानिक प्रक्रिया बमोजिम, आफ्नो राष्ट्रको क्षेत्रभित्र वा जहाँसुकै, आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत यस महासन्धिको धारा १ मा उल्लेख गरिएका कुनै पनि तत्व, विष, हतियार, उपकरण र वितरणका साधनको विकास, उत्पादन, भण्डारण, प्राप्ति वा राख्ने कार्यमा प्रतिबन्ध र रोकथाम गर्न आवश्यक जस्तो सुकै उपायहरु अवलम्बन गर्ने छन् ।

धारा ५

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रहरुले एक अर्कासँग परामर्श र समन्वय गरी महासन्धिको व्यवस्थाको प्रयोग र उद्देश्य सम्बन्धमा आउन सक्ने कुनै पनि समस्या समाधान गर्नेछन्। यस धारा सँग सम्बन्धित परामर्श र समन्वय संयुक्त राष्ट्रसंघको ढाँचाभित्र र संयुक्त राष्ट्रसंघको बडापत्र बमोजिम उपयुक्त अन्तर्राष्ट्रिय कार्यविधि द्वारा गर्न सकिनेछ ।

धारा ६

(१) यस महासन्धिको पक्ष भएको कुनै पनि राष्ट्रले, अन्य कुनै पक्ष राष्ट्रले महासन्धिका व्यवस्थाहरुबाट सिर्जित दायित्व उल्लंघन गर्ने कार्य गरिरहेको पत्ता लगाएमा, संयुक्त राष्ट्र संघको सुरक्षा परिषद् समक्ष उजुरी दायर गर्न सक्नेछन्। त्यस्तो उजुरीमा उजुरीको वैधता पुष्टि गर्ने यथासम्भव सबै प्रमाण र सुरक्षा परिषद्लाई सो उजुरी माथि विचार गर्न अनुरोध समेत समावेश गर्नु पर्छ ।

(२) यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले, सुरक्षा परिषद्ले प्राप्त गरेका उजीरहरुको आधारमा संयुक्त राष्ट्रसंघको बडापत्रको व्यवस्था बमोजिम शुरु गर्न सक्ने कुनै पनि अनुसन्धान पूरा गर्न सहयोग गर्नेछन्। सुरक्षा परिषद्ले महासन्धिका पक्ष राष्ट्रहरुलाई अनुसन्धानको नतीजा सूचीत गर्नेछ ।

धारा ७

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले, संयुक्त राष्ट्रसंघको बडापत्र बमोजिम, यदि सुरक्षा परिषद्ले महासन्धिको उल्लंघनको फलस्वरुप त्यस्तो पक्षलाई जोखिम हुने निर्णय गरेमा, महासन्धिको कुनै पनि पक्षले अनुरोध गरेकोमा समर्थन सहयोग गर्न सक्ने छन् ।

धारा ८

यस महासन्धिमा भएका कुनै पनि व्यवस्थालाई जुन १७, १९२५ मा जिनिभामा हस्ताक्षर भएको युद्धमा निशासिने, विषाक्त वा अन्य ग्याँसको प्रयोग, र जीवाणु विधि प्रयुक्त युद्धमा प्रतिबन्ध गराउने प्रोटोकल (इच्छाधिन आलेख) अन्तर्गत कुनै पनि राष्ट्रले बहन गरेको दायित्वमा कुनै पनि तवरले सीमीत गर्ने वा अवमूल्यन गर्ने गरी व्याख्या गरिने छैन।

धारा ९

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले स्वीकार गरिएको रासायनिक हतियारको प्रभावकारी प्रतिबन्ध गर्ने उद्देश्य पुष्टि गर्नेछन्, र यसको लागि, असल विश्वासमा तिनीहरुको विकास, उत्पादन र भण्डारण र तिनीहरुको विनाशको लागि, र हतियारको उद्देश्यको लागि प्रयोग हुने रासायनिक तत्वको प्रयोग वा उत्पादनको लागि विशेष डिजाइन गरिएको उपकरण र वितरणको साधन सम्बन्धी उपयुक्त उपायहरुको लागि प्रभावकारी उपायहरु सम्बन्धी शिघ्र सम्झौतामा पुग्ने गरी वार्ता जारी गर्ने छन्।

धारा १०

(१) यस महासन्धिका पक्ष राष्ट्रहरुले, शान्तिपूर्ण उद्धेश्यका लागि जीवाणू ( जैविक) तत्व र विषको प्रयोग हुने उपकरण, सामग्री र वैज्ञानिक र प्रविधिगत सूचनाको यथासम्भव पूर्ण रुपमा आदानप्रदानको सहजीकरण गर्नेछन् र सो मा उनीहरुको सहभागिताको अधिकार रहनेछ। यस्तो गर्न सक्ने स्थितिमा रहेका महासन्धिका पक्षहरुले एक्लै वा अन्य राष्ट्रहरु वा अन्तर्राष्ट्रिय संगठनहरु सँग सामूहिक रुपमा रोगको रोकथाम वा अन्य शान्तिपूर्ण उद्धेश्यको लागि जीवाणू ( जैविक) क्षेत्रमा वैज्ञानिक आविष्कारको थप विकास र प्रयोग गर्नमा योगदान गर्न समेत सहयोग गर्ने छन् ।

(२) यो महासन्धि, महासन्धिका पक्ष राष्ट्रहरुको आर्थिक वा प्रविधिगत विकास वा शान्तिपूर्ण जीवाणू (जैविक) क्रियाकलापहरुको क्षेत्रमा हुने अन्तर्राष्ट्रिय सहकार्य, यस महासन्धिका व्यवस्थाहरु बमोजिम शान्तिपूर्ण उद्देश्यका लागि जीवाणू (जैविक) तत्वहरु, र विष र प्रशोधन गर्ने उपकरण, जीवाणू (जैविक) तत्वको प्रयोग र उत्पादन सम्बन्धमा हुने अन्तर्राष्ट्रिय आदानप्रदानमा, समेत वाधा नपु-याउने तवरले कार्यान्वयन गरिने छ ।

धारा ११

कुनै पनि पक्ष राष्ट्रले यस महासन्धिमा संसोधनको प्रस्ताव गर्न सक्नेछन्। बहुसंख्यक पक्ष राष्ट्रहरुले संसोधनको स्वीकारोक्ति गरेपछि संसोधन स्वीकार गर्ने प्रत्येक पक्ष राष्ट्रको लागि र बाँकी रहेका पक्ष राष्ट्रहरुको हकमा उनीहरुले स्वीकार गरेको मितिबाट संशोधन लागू हुनेछ ।

धारा १२

यो महासन्धि लागू भएको पाँच वर्ष पश्चात्, वा सो भन्दा अगावै बहुसंख्यक पक्ष राष्ट्रहरुले यसको प्रभावकारिताको लागि निक्षेपकारी सरकार समक्ष प्रस्ताव पेश गरेमा, महासन्धिको प्रस्तावना र व्यवस्थाहरुका उद्देश्य सुनिश्चित गर्ने हेतुले, रासायनिक हतियार सम्बन्धमा वार्तासँग सम्बन्धित व्यवस्थाहरु समेत मनन गर्दै महासन्धिको कार्यान्वयन समीक्षा गर्न यस महासन्धिका पक्ष राष्ट्रहरुको सम्मेलन जिनिभा, स्वीट्जरलैण्डमा गरिनेछ। त्यस्तो समीक्षाले महासन्धि सँग सान्दर्भिक कुनै नयाँ वैज्ञानिक र प्रविधिगत विकासलाई ध्यानमा राख्ने छ ।

धारा १३

(१) यस महासन्धि असिमित समयको लागि रहनेछ ।

(२) यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले आफ्नो प्राकृतिक सार्वभौमिकताको पालना गर्दै, महासन्धिका विषय वस्तुसँग सम्बन्धित असाधारण घटनाहरुबाट राष्ट्रको सर्वोच्च हितमा खतरा पर्ने निर्णय गरेमा महासन्धिबाट फिर्ता हुन सक्नेछ । सो राष्ट्रले महासन्धिका अन्य सबै पक्ष राष्ट्रहरु र संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्लाई त्यस्तो फिर्ता गरिएको सूचना तीन महिना अगावै दिनु पर्नेछ । त्यस्तो सूचनामा आफ्नो सर्वोच्च हितमा खतरा पर्ने मानिएको असाधारण घटनाको विवरण समावेश गर्नु पर्छ ।

धारा १४

(१) यो महासन्धि सबै राष्ट्रहरुको हस्ताक्षरको लागि खुला रहनेछ। कुनै पनि राष्ट्रले यो महासन्धि लागू हुनु अगावै हस्ताक्षर नगरेकोमा यस धाराको प्रकरण (३) बमोजिम जुनसुकै समयमा पनि सम्मिलन गर्न सक्नेछ ।

(२) यो महासन्धिमा हस्ताक्षरकारी राष्ट्रहरुले अनुमोदन गर्नुपर्नेछ। अनुमोदनको दस्तावेज र सम्मिलनको दस्तावेज निक्षेपकारी सरकारको रुपमा यसबाट तोकिएका संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत र उत्तरी आयरल्यण्ड र सोभियत समाजवादी गणराज्य संघमा दाखिला गर्नु पर्नेछ ।

(३) यो महासन्धि बाईस वटा सरकार, महासन्धिका निक्षेपकारी तोकिएका सरकारहरु समेतले अनुमोदन दस्तावेज दाखिला गरेपछि लागू हुनेछ ।

(४) अनुमोदन वा सम्मिलनको दस्तावेज महासन्धि लागू भएपछि दाखिला भएका राष्ट्रहरुको हकमा उनीहरुको अनुमोदन वा सम्मिलनको दस्तावेज दाखिला भएको मितिदेखि लागू हुनेछ।

(५) निक्षेपकारी सरकारहरुले तुरुन्त हस्ताक्षर र सम्मिलन गरेका सबै राष्ट्रहरुलाई हरेक हस्ताक्षरको मिति, हरेक अनुमोदन वा सम्मिलनको दस्तावेज दाखिला भएको मिति र यो महासन्धि लागू भएको मिति र प्राप्त अन्य सूचनाहरु जानकारी गराउने छन्।

(६) यो महासन्धि संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ११२ बमोजिम निक्षेपकारी सरकारहरुले दाखिला गर्ने छन् ।

धारा १५

यस महासन्धिको अँग्रेजी, रुसी, फ्रान्सेली, स्पेनी र चिनियाँ भाषाका प्रतिहरु उत्तिकै आधिकारिक हुन्छन् र निक्षेपकारी सरकारहरुको अभिलेखमा दाखिला हुने छन्। महासन्धिका विधिवत प्रमाणित प्रतिहरु निक्षेपकारी सरकारहरुले हस्ताक्षर र सम्मिलन गर्ने राष्ट्रहरुलाई उपलब्ध गराउने छन् ।